14 cm    6.5 cm    14 cm

22.5 cm

## सुव्यवस्थित ईश्वरशास्त्र

वेन ग्रुडमले लेखेका छन्, *"मैले यस पुस्तकलाई 'बाइबलीय धर्मसिद्धान्तको परिचय' भनेको छु। अघि कहिल्यै ईश्वरशास्त्र नपढ़ेका ख्रीष्टियानहरूको निम्ति पनि मैले यो पुस्तक बुझ्ने बनाएको छु। प्राविधिक पारिभाषिक शब्दहरूको व्याख्या पहिल्यै नगरी, मैले त्यस्ता शब्दहरू प्रयोग गरेको छैन। अधिकांश अध्यायहरू अरू अध्यायहरूको सन्दर्भविना नै पढ्न सकिन्छ, त्यसर्थ पहिलेको सामग्री नपढ़ीकनै कसैले पनि जुनसुकै अध्याय खोलेर पढ्न सक्छन्, र त्यो बुझ्न सक्छन्।"*

यस पुस्तकका केही अध्यायहरू पढ़िसकेपछि हरेक पाठकले आफू विद्वान् लेखकको उपरोक्त अभिमतसित सहमत भइरहेका पाउनेछन्। यस पुस्तकको एउटा खुबी यही हो। यसको हरेक अध्याय आफैमा एउटा पूर्ण एकाइ हो। त्यस अध्यायमा विवेचित विषयवस्तुबारे त्यसले सरल, सहज र अप्राविधिक भाषामा सिङ्गो जानकारी गराउँछ। ईश्वरशास्त्र जस्तो विषयलाई सरल भाषामा र कुनै सम्प्रदायविशेषको लछप्रै रङ्ग नपोती सही र पक्का बाइबलसम्मत सिद्धान्तको मानदण्डभित्र रही प्रस्तुत गर्नु विद्वान् लेखकको बाइबलीय सत्यताप्रतिको अखण्ड प्रतिबद्धता हो।

सही धर्मसैद्धान्तिक ज्ञान दिने यो पुस्तक सुव्यवस्थित ईश्वरशास्त्रको औपचारिक शिक्षा र ज्ञान हासिल गर्न नपाएका "हजारौं ख्रीष्टियानहरूले बुझ्न सक्नेछन् र यो ... मण्डलीको निम्ति मूल्यवान् बन्नेछ।" साथै औपचारिक बाइबल अध्ययन केन्द्र र संस्थानहरूमा सुव्यवस्थित ईश्वरशास्त्रको सिङ्गो पाठ्यपुस्तकको अभाव यसले अवश्यै परिपूर्ति गर्नेछ।

वेन ग्रुडम फिनिक्स सेमिनरि, फिनिक्स, एरिजोनाका अनुसन्धान प्राध्यापक हुन्। त्यसभन्दा अघि उनले ट्रिनिटि इभ्यान्जेलिकल स्कूल, डीयरफील्ड, इलिनोइसमा बीस वर्षसम्म अध्यापन गरे। उनले हवार्डबाट B.A., वेस्टमिन्स्टर सेमिनरिबाट MDiv., र क्याम्ब्रिज्बाट PhD. गरे। उनले अनेकौं पुस्तकहरू लेखेका छन्। उनी Are Miraculous Gifts for Today? का सम्पादक हुन्। १९९८-१९९९ मा उनी Evangelical Theological Society-का अध्यक्ष थिए।

वचन प्रकाशन

सुव्यवस्थित ईश्वरशास्त्र

बाइबलीय धर्मसिद्धान्तको परिचय

वेन ग्रुडम

वचन प्रकाशन

# सुव्यवस्थित ईश्वरशास्त्र

### बाइबलीय धर्मसिद्धान्तको परिचय

## SYSTEMATIC THEOLOGY

वेन ग्रुडम